चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं.:

सूचना नं. ५७-२०७७/०७८

## अनुदानको रासायनिक मल विक्रेता छनौट तथा विक्री वितरण सम्बन्धी सूचना।

*(प्रथम पटक प्रकाशित मितिः २०७७/११/१६ गते)*

प्रस्तुत सम्बन्धमा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/०७/१८ को पत्रानुसार साथै अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ बमोजिम यस चन्द्रकोट गाउँपालिकाभित्र चालु आर्थिक वर्ष २०७७/०७८ को लागि अनुदानको रासायनिक मल विक्रेताको काम गरिरहेका कृषि सहकारी तथा ईच्छुक नयाँ सहकारी, फर्म तथा कम्पनीहरुले मल विक्री वितरण गर्न चाहेमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयको कृषि विकास शाखामा निवेदन दिनुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

### तपशिल

१. कृषि सहकारी संस्था, कृषक समूह तथा फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र।
२. कृषि सहकारी संस्था तथा कृषक समूहको बैठकको निर्णयको प्रतिलिपी।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
४. विगतका दुई आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी।
५. स्थायी लेखा नम्बरदर्ताको प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।
६. अनुभव, कार्यदक्षता र कार्यक्षमताको विवरण।
७. नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण।
८. सहकारी, फर्म तथा कम्पनीलाई १ वर्ष भरीमा चाहिने मलको परिमाणको विवरण।

थप जानकारीको लागिः
कृषि विकास शाखा प्रमुख -गिरीराज खत्री (सम्पर्क ९८६७७२७९१५)

..........................
(अनन्तपाणि मरासिनी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत